# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६२/६३ को प्रथम सात महिनाको तथ्याङ्कमा आधारित)*

**नेपाल राष्ट्र बैंक**

**वैशाख २०६३**

***www.nrb.org.np***

## देशको वर्तमान आर्थिक स्थिति
(आर्थिक वर्ष २०६२/६३ को प्रथम सात महिनाको तथ्याङ्कमा आधारित)

मौद्रिक स्थिति

१. आर्थिक वर्ष २०६२/६३ को प्रथम सात महिनामा विस्तृत मुद्रा प्रदायको वृद्धिदर ७.३ प्रतिशत रही २०६२ माघ मसान्तसम्ममा रु ३२२ अर्व ४३ करोड पुग्यो । अघिल्लो वर्षको सोही अवधिमा विस्तृत मुद्रा प्रदायको वृद्धिदर ४.० प्रतिशत रहेको थियो ।खुद वैदेशिक सम्पत्तिमा भएको उल्लेख्य वृद्धिको करण समीक्षा अवधिमा विस्तृत मुद्राप्रदायको वृद्धिदर उच्च रहेको हो ।

२. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याकंन समायोजन गरी )१२.१ प्रतिशत (रु.१३ अर्व) ले बढ्यो । गत वर्ष यस्तो सम्पति ५.३ प्रतिशत ( रु. ५ अर्व ७२ करोड ) ले बढेको थियो । वैदेशिक सहयोग र विप्रेषण आप्रवाहका कारण खुद वैदेशिक सम्पत्तिमा उल्लेखनीय वृद्धि भएको हो ।

३. आर्थिक वर्ष २०६२/६३ को प्रथम सात महिनाको अवधिमा बैंकिङ्ग क्षेत्र (नेपाल राष्ट्र बैंक र वाणिज्य बैंकहरु) बाट प्रवाहित कुल आन्तरिक कर्जा ५.२ प्रतिशतले वृद्धि भयो । आर्थिक वर्ष २०६१/६२ को सोही अवधिमा पनि कुल आन्तरिक कर्जाको वृद्धिदर ५.२ प्रतिशत नै रहेको थियो । आन्तरिक कर्जाका अंशहरुमध्ये श्री ५ को सरकारमाथिको खुद दावी गत वर्ष ६.५ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा ४.० प्रतिशतले घट्यो । स्थानीय निकायहरूको बैंकहरूमा रहेको मौज्दातलाई साधनको रुपमा वर्गीकरण गरिएका कारण श्री ५ को सरकारमाथिको दावी घटेको देखिएको हो । त्यसैगरी, गैर-वित्तीय सरकारी संस्थानहरुमाथिको दावी पनि समीक्षा अवधिमा २६.२ प्रतिशतले घट्यो जव कि गत वर्ष यस्तो दावी ३४.३ प्रतिशतले बढेको थियो । नेपाल विद्युत प्राधिकरण, नेपाल आयल निगम, नेशनल ट्रेडिङ्ग लिमिटेड, र हेटौडा कपडा उद्योग जस्ता केही गैर वित्तीय सरकारी संस्थानहरूले वैङ्कहरुबाट लिएको केही ऋण भुक्तानी गरेको हुँदा गैर-वित्तीय सरकारी संस्थानहरुमाथिको दावी घटेको हो ।

४. आन्तरिक कर्जाको महत्वपूर्ण अंशको रुपमा रहेको निजी क्षेत्रलाई जाने कर्जाको वृद्धिदर समीक्षा अवधिमा ९.७ प्रतिशतले बढ्यो । गत वर्ष यस्तो कर्जा ९.३ प्रतिशतले बढेको थियो । आयातमा भएको वृद्धिले गर्दा निजी क्षेत्रतर्फको कर्जाको वृद्धिदर केही उच्च रहेको हो ।

५. विस्तृत मुद्रा प्रदायको एउटा अंशको रुपमा रहेको आवधिक निक्षेप गत वर्ष ४.७ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ८.६ प्रतिशतले बढ्यो । विप्रेषण आप्रवाहमा भएको वृद्धिका कारणले आवधिक निक्षेप उच्चदरले बढेको हो ।

६. संचित मुद्राको वृद्धिदर गत वर्ष ७.२ प्रतिशतले ऋणात्मक रहेकोमा समीक्षा अवधिमा १.३ प्रतिशतले वृद्धि भयो । मूलतः मौद्रिक अधिकारीको खुद वैदेशिक सम्पत्तिमा आएको वृद्धिका कारण संचित मुद्रा वढेको हो ।

## विदेशी विनिमय तथा मुद्रा वजार

७. विनिमय दरमा स्थायित्व कायम गर्न नेपाल राष्ट्र वैङ्कले समीक्षा अवधिमा विदेशी विनिमय वजारमा ३३ पटक हस्तक्षेप गर्‍यो । फलस्वरुप, गत वर्ष रु १६ अर्व ७५ करोड खुद तरलता प्रवाह भएकोमा समीक्षा अवधिमा रु २५ अर्व ४३ करोड खुद तरलता प्रवाह हुन गयो । उच्च विप्रेषण आप्रवाहका कारणले नेपाल राष्ट्र वैङ्कले विदेशी विनिमय वजारमा हस्तक्षेप गरी अमेरिकी डलरको खरीद गर्नुपर्‍यो । यसरी विदेशी विनिमय वजारमा गरिएको हस्तक्षेपबाट बढ्न गएको केही तरलतालाई खुला वजार कारोवार मार्फत प्रशोचन गरियो ।

८. खुला वजार कारोवार मार्फत समीक्षा अवधिमा कुल रु ११ अर्व ६० करोड वरावरको तरलता प्रशोचन गरियो (तालिका नं. १)। जसले गर्दा समीक्षा अवधिमा अल्पकालीन व्याजदरहरु स्थिर रहे ।

**तालिका नं. १: खुलाबजार कारोवार**

(प्रथम सात महिना)

रु करोडमा

| | २०६१/६२ | २०६२/६३ |
|---|---|---|
| **क. कुल तरलता प्रशोचन** | **१६७७** | **१२८७.५** |
| विक्री वोलकवोल | १०५० | ४७४ |
| रिभर्स रिपो | ४०७ | ५०० |
| नयाँ ट्रेजरी विल्स | २२० | ३१३.५ |
| **ख. कुल तरलता प्रवाह** | **६५८.२** | **१२८** |
| खरीद वोलकवोल | ११२.२ | ८३ |
| रिपो वोलकवोल | ५४६ | ४५ |
| **ग. खुद तरलता प्रशोचन** | **१०१८.८** | **११५९.५** |

९. अन्तरबैङ्क कारोवारमा आएको सघनताको कारणले समीक्षा अवधिमा स्थायी तरलता सुविधाको प्रयोगमा कमी आएको छ । गत वर्ष रु २८ अर्व ७७ करोड बराबरको स्थायी तरलता सुविधा उपयोग भएकोमा समीक्षा अवधिमा जम्मा रु २ अर्व १२ करोड मात्र

उपयोग भएको छ । अन्तरबैङ्क कारोवार भने उल्लेख्य बृद्धि भै गत वर्षको रु ७३ अर्व ४३ करोडबाट समीक्षा अवधिमा रु १०८ अर्व ९४ करोड पुगेको छ ( तालिका नं. २) ।

**तालिका नं.२ : स्थायी तरलता सुविधा र अन्तर बैंक कारोवार**

**(प्रथम सात महिनामा)**

रु. करोडमा

| | २०६१/६२ | २०६२/६३ |
|---|---|---|
| स्थायी तरलता सुविधा | २८७६.५ | २१२.४ |
| अन्तर बैंक कारोवार | ७३४३.३ | १०८९४.४ |

१०. खुला वजार कारोवारका कारण अल्पकालीन व्याजदरहरु समीक्षा अवधिमा स्थिर रहे । ९१ दिने ट्रेजरी विल्सको भारित औसत व्याजदर समीक्षा अवधिमा २.२ प्रतिशतदेखि ३.३८ प्रतिशतको बीचमा रह्यो । भारित औसत अन्तरबैङ्क दर भने पाँचौ र छैठौं महिनामा उच्च विप्रेषण आप्रवाहका कारण कम रहे पनि सातौ महिनामा २.४८ प्रतिशत पुग्यो ।

## धितोपत्र बजार गतिविधि


### धितोपत्रको प्राथमिक निष्काशन

११. आर्थिक वर्ष २०६२/६३ को प्रथम सात महिनाको अवधिमा नेपाल धितोपत्र बोर्डले १५ वटा वित्तीय संस्थाहरुलाई साधारण शेयर, अग्राधिकार शेयर र ऋणपत्र गरी कुल रु ८२ करोड ७५ लाख र तारागाँउ रिजेन्सी होटललाई रु. ४४ करोड ६५ लाख बराबरको अग्राधिकार शेयर निष्काशन गर्नको लागि स्वीकृति प्रदान गरेको छ । जसमध्ये छ वटा वित्तीय संस्थाहरुले रु.३८ करोड २० लाख बराबरको हकप्रद शेयर, आठ वटाले रु. २४ करोड ५५ लाख बराबरको साधारण शेयर र बैंक अफ काठमाडौंले रु. २०.० करोड बराबरको ऋणपत्र निष्काशन गर्नका लागि स्वीकृति प्राप्त गरेका छन् ।

### धितोपत्रको दोस्रो बजार अवस्था

१२. आर्थिक वर्ष २०६२/६३ को प्रथम सात महिनामा धितोपत्र बजारको गतिविधि विस्तार हुने कम जारी छ । नेप्से सूचकाङ्कमा भएको वृद्धि, धितोपत्र बजारमा सूचीकृत हुने कम्पनीहरुको संख्यामा भएको बढोत्तरी र बजार पूँजीकरणमा भएको वृद्धिले यस कुराको पुष्टि गरेको छ ।

१३. वार्षिक बिन्दुगत आधारमा २०६२ माघ मसान्तमा नेप्से सूचकाङ्क ६०.४ बिन्दु (२३.५ प्रतिशत) ले बढेर ३१७.६९ बिन्दुमा पुगेको छ। यसो हुनुमा वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषण रकममा क्रमिक वृद्धि हुनु र बजारको वास्तविक ब्याजदर न्यून रहेकाले धितोपत्रको लगानी तर्फ आकर्षण बढ्नु मुख्य कारकका रुपमा रहेका छन् ।




१४. नेपाल स्टक एक्स्चेन्जमा सूचीकृत भएका कम्पनीहरुको संख्या २०६१ पौष मसान्तमा १२१ रहेकोमा २०६२ माघ मसान्तमा बढेर १२७ पुगेको छ। जसमध्ये ८१ वटा (६३.८ प्रतिशत) वित्तीय संस्था, २९ वटा उत्पादन र प्रशोधन गर्ने उद्योगहरु, ४ वटा होटल, ८ वटा व्यापारिक संस्थाहरु र ५ वटा अन्य समूहमा रहेका छन् ।

१५. बिन्दुगत आधारमा २०६२ माघ मसान्तमा बजार पूँजीकरण ३९.२ प्रतिशतले वृद्धि भई रु. ७४ अर्ब ५ करोड पुगेको छ। यस अवधिमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात १३.९ प्रतिशत रहेको छ। गत वर्ष यस्तो अनुपात १०.० प्रतिशत रहेको थियो। सूचीकृत कम्पनीहरुको बजार पूँजीकरणमध्ये वित्तीय संस्थाहरुले ८२.६ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रले ६.७ प्रतिशत, होटलहरुले ३.२ प्रतिशत, व्यापारिक संस्थाहरुले १.० प्रतिशत र अन्यले ६.५ प्रतिशत अंश ओगटेका छन् ।

१६. त्यसैगरी, बिन्दुगत आधारमा सूचीकृत कम्पनीहरुको चुक्ता पूँजी २०६२ माघ मसान्तमा १६.५ प्रतिशतले वृद्धि भई रु. १७ अर्ब ९९ करोड पुगेको छ। खासगरी केही नयाँ संस्थाहरु नेप्सेमा सूचीकृत भएकोले तथा वित्तीय संस्थाहरुले थप शेयर निष्काशन गरेकोले चुक्ता पूँजीमा वृद्धि भएको हो।

१७. धितोपत्र बजार विस्तारको सँगसँगै त्यसको तरलतामा पनि बृद्धि भएको छ। धितोपत्र बजारको तरलताको परिसूचक (कारोबारको बजार पूँजीकरणसँगको अनुपात) २०६१

माघ मसान्तमा ०.२७ प्रतिशत रहेकोमा यस वर्षको सोही अवधिमा बढेर ०.३० प्रतिशत भएको छ । खासगरी २०६१ माघको तुलनामा २०६२ माघमा बजार पूँजीकरणको तुलनामा कारोवार रकम अधिक बढेकोले उक्त परिसूचक बढेको हो ।

१८. नेपालको धितोपत्र बजारलाई आधारभूत रुपमा वाणिज्य बैंकहरुको धितोपत्रले बढी मात्रामा प्रभावित गरेको देखिन्छ । उदाहरणको लागि २०६२ माघ महिनामा भएको कुल रु. २२ करोड २४ लाखको कारोबारमा वाणिज्य बैंकहरुको अंश ७९.७ प्रतिशत, विकास बैंकहरुको ८.६ प्रतिशत र वित्त कम्पनीहरुको अंश ६.० प्रतिशत रहेको छ । गत बर्ष यस्तो अंश क्रमश ७०.३ प्रतिशत, २४.० प्रतिशत र ०.१ प्रतिशत रहेको थियो । यसबाट उत्पादन तथा प्रशोधन, होटल र व्यापारिक समूहको शेयर कारोबार नगण्य मात्रामा रहेको स्पष्ट हुन्छ ।

१९. विगत १२ महिनाको नेप्सेको Rolling Standard Deviation (जसले नेप्सेको उतारचढावको मापन गर्छ)* गत वर्षको सोही अवधिको तुलनामा केही घटेको पाइएको छ । २०६१ पौष देखि २०६२ माघ महिना सम्मको Standard Deviation ११.५ रहेको छ भने अघिल्लो वर्षको सोही अवधिको Standard Deviation १७.३ रहेको थियो ।

**वित्तीय संस्थाहरुको पूँजी वृद्धि एवं खराब कर्जाको अवस्था**

२०. चालू आर्थिक वर्षको प्रथम सात महिनासम्ममा नेपाल राष्ट्र बैंकद्वारा स्वीकृति प्राप्त वित्तीय संस्थाहरु (गैरसरकारी संस्थाबाहेक) को संख्या १३९ पुगेको छ । यो संख्या २०६२ आाषढमा १३३ रहेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंकहरुको संख्यामा कुनै बढोत्तरी भएको छैन भने विकास बैंकहरुको संख्यामा गत आषाढको तुलनामा ३ वटाले वृद्धि भई ४० पुगेको छ । यसरी नै वित्त कम्पनीहरुको संख्या गत आषाढको तुलनामा ४ वटाले वृद्धि भई ६३ पुगेको छ । तर सहकारी संस्थाहरुको संख्यामा भने गत आषाढको तुलनामा कमी आई १९ पुगेको छ । सहकारी संस्थाहरुको संख्यामा गिरावट आउनुको कारण नेपाल राष्ट्र बैंकद्वारा सीमित बैंकिङ्ग करोबार गर्न स्वीकृति प्राप्त सहकारी संस्थाहरुमध्ये एउटा संस्था (मकालु यातायात सरकारी संस्थ, विराटनगर) ले नेपाल राष्ट्र बैंकको निर्देशन पालना नगरको हुँदा ईजाजतपत्र रद्द गरिएकाले हो । यस अवधिमा विकास बैंकहरु र वित्त कम्पनीहरुको संख्यामा वृद्धि हुनुको प्रमुख कारणमा यी संस्थाहरु स्थापना गर्न लाग्ने पूँजी वाणिज्य बैंकहरुको तुलनामा कम रहनु र यी संस्थाहरुले लगानीकर्ता एवं निक्षेपकर्ताहरुको विश्वास आर्जन गर्न सक्नु हो ।


* शेयर बजारको उतारचढाव मापन गर्न १२ महिनाको अन्तराल लिई Rolling Standard Deviation लाई सूचकको रुपमा लिइएको ।

२१. गत आषाढको रु १५.४ अर्बको तुलनामा समीक्षा अवधिमा वित्तीय संस्थाहरुको चुक्ता पूँजीमा ७.१ प्रतिशतले वृद्धि भई रु १६ अर्ब ५० करोड पुगेको छ । यस अवधिमा वित्त कम्पनीको चुक्ता पूँजीमा सबैभन्दा बढी (१६.३ प्रतिशत) ले वृद्धि भएको छ भने त्यसपछि क्रमशः वाणिज्य बैंक (७.२ प्रतिशत), सहकारी संस्थाहरु (५.० प्रतिशत) र विकास बैंक (०.६ प्रतिशत) को पूँजीमा बढोत्तरी भएको देखिन्छ । समीक्षा अवधिमा चुक्ता पूँजीमा भएको वृद्धिले अर्थतन्त्रमा लगानीका थप स्रोतहरु सिर्जना भएको देखिन्छ । यस अवधिमा चुक्ता पूँजीमा वृद्धि हुनुका प्रमुख कारणहरुमा वित्तीय संस्थाहरुको मुनाफामा वृद्धि भई लाभप्रद शेयर (Bonus share) को निष्काशन हुनु, नयाँ वित्तीय संस्थाहरुको स्थापना हुनु र केही वित्तीय संस्थाहरुबाट अग्राधिकार शेयर जारी हुनु नै हुन् ।

२२. २०६२ आषाढमा गैरसरकारी संस्थाहरु बाहेक वित्तीय क्षेत्रको खराब कर्जा (non-performing loan) औसतमा १६.६ प्रतिशत पुगेको छ । कुल खराब कर्जामा वाणिज्य बैंक समूहको अंश सबैभन्दा बढी (१८.८ प्रतिशत) छ भने त्यसपछि क्रमशः विकास बैंकहरुको (६.७ प्रतिशत) र वित्त कम्पनीहरुको (५.२ प्रतिशत) रहेको छ । वित्तीय क्षेत्रमा रहेको खराब कर्जाको ठूलो अंशले यी संस्थाहरुको सम्पत्तिको गुणस्तरमा क्षय भइरहेको स्पष्ट संकेत गर्दछ । यसरीनै समीक्षा अवधिमा वाणिज्य बैंकहरुको खराब कर्जाको अनुपातमा गत आषाढको तुलनामा केही कमी आइ १८.०४ प्रतिशत पुगेको छ । जसले, यी बैंकहरुको सम्पत्तिको गुणस्तरमा केही प्रगति भएको संकेत गर्दछ ।

## उपभोक्ता मुद्रास्फीति

२३. वार्षिक विन्दुगत आधारमा शहरी क्षेत्रको राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क (२०५२।५३ = १००) २०६२ माघमा ५.८ प्रतिशतले बढेको छ । २०६१ माघमा यस्तो बृद्धिदर ५.७ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०६२/६३ को प्रारम्भिक महिनाहरुको तुलनामा प्रथम सात महिनामा मुद्रास्फीतिदर कम रहनुमा २०६१ पौष महिनामा पेट्रोलियम पदार्थको र २०६२ माघमा यातायातको भाडादर तथा मूल्य अभिवृद्धिदर वृद्धिको आधार प्रभाव (base effect) हट्नु प्रमुख कारण रहेको छ । विन्दुगत आधार प्रभाव हटेको कारणले २०६२ माघमा अघिल्लो महिनाहरुको तुलनामा मुद्रास्फीतिदर कम रहेतापनि मूल्यमा चापको स्थिति अघिल्लो वर्षको तुलनामा बढी नै रहेको छ । उदाहरणको लागि २०६० फाल्गुणदेखि २०६१ माघ महिनासम्मको औषत मूल्य वृद्धिदर २.९ प्रतिशत रहेकोमा यस वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ७.० प्रतिशत रहेको छ ।




२४. आर्थिक वर्ष २०६२/६३ को प्रथम सात महिनामा गैरखाद्य समूहको भन्दा खाद्य समूहको मूल्यमा बढी चाप परेको छ । उदाहरणको लागि २०६२ माघमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य वृद्धि ७.१ प्रतिशत रह्यो । २०६१ माघमा सो समूहको वार्षिक वृद्धि ४.१ प्रतिशत थियो । अन्न तथा अन्नबाट बनेका परिकारहरु, रेष्टुराँको खाना, दलहन, पेय पदार्थ एवं दूध तथा दुग्ध पदार्थको मूल्य बढेको कारण यस समूहको मूल्य वृद्धि गत वर्षको तुलनामा समीक्षा अवधिमा बढी भएको हो । गैर खाद्य तथा सेवा समूहको वार्षिक मूल्य वृद्धि २०६१ माघ महिनाको ७.४ प्रतिशतको तुलनामा २०६२ माघ महिनामा ४.४ प्रतिशत मात्र रह्यो । २०६१ पौष महिनामा वृद्धि भएको पेट्रोलियम पदार्थको मूल्यको प्रभाव २०६२ माघ महिनामा हटेकोले गैरखाद्य तथा सेवा समूहको मूल्य वृद्धि २०६१ माघ महिनाको तुलनामा २०६२ माघ महिनामा न्यून रहेको हो ।

२५. समीक्षा अवधिमा, क्षेत्रगत आधारमा काठमाडौं उपत्यका, तराई र पहाडमा क्रमशः ४.२ प्रतिशत, ६.५ प्रतिशत र ६.३ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । गत वर्षको यसै अवधिमा यो वृद्धिदर क्रमशः ६.७ प्रतिशत, ५.१ प्रतिशत र ५.८ प्रतिशत मात्र रहेको थियो ।

२६. २०६२ माघमा बार्षिक अन्तर्निहित मुद्रास्फीति (core inflation) ३.९ प्रतिशत रहेको छ । गत वर्षको यसै अवधिमा वार्षिक अन्तर्निहित मुद्रास्फीति दर ४.० प्रतिशत रहेको थियो ।

**थोक मुद्रास्फीति**

२७. वार्षिक विन्दुगत आधारमा राष्ट्रिय थोक मूल्य सूचकाङ्क (२०५६।५७ = १००) २०६२ माघ महिनामा ६.५ प्रतिशतले बृद्धि भएको छ । गत वर्षको यसै अवधिमा यस्तो वृद्धिदर ७.२ प्रतिशत रहेको थियो । २०६१ पौषमा भएको पेट्रोलियम पदार्थको मूल्य वृद्धिको विन्दुगत आधार प्रभाव (base effect) २०६२ माघमा हटेकोले अघिल्लो वर्षको तुलनामा यस अवधिमा राष्ट्रिय थोक मूल्य सूचकाङ्कमा आधारित वार्षिक मुद्रास्फीति दर न्यून रहेको हो । उक्त विन्दुगत आधार प्रभाव (base effect) हटेको कारण २०६१ माघको तुलनामा २०६२

माघमा वार्षिक विन्दुगत मुद्रास्फीतिदर न्यून रहेतापनि यस वष अघिल्लो वर्षको तुलनामा औसत मुद्रास्फीतिदर उच्च रहेको छ। उदाहरणको लागि २०६१ फाल्गुणदेखि २०६२ माघ महिनासम्मको औषत थोक मूल्य वृद्धिदर ९.४ प्रतिशत रहेको छ। गत वर्ष यस्तो मूल्य वृद्धिदर ४.९ प्रतिशत रहेको थियो।


### राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क

२८. वार्षिक बिन्दुगत आधारमा राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क (२०६०।६१ = १००) २०६२ माघमा ४.३ प्रतिशतले बढेको छ। ज्यामीको ज्यालादरमा कमी आएता पनि तलब तथा ज्यालादर सूचकाङ्कमा वृद्धि आउनुमा कृषि तथा औद्योगिक मजदूरहरुको ज्यालादरमा भएको वृद्धिका साथै बैंक, वित्तीय संस्था र सार्वजनिक संस्थानहरुमा भएको तलब वृद्धिनै प्रमुख कारकको रुपमा देखिएका छन्। तलब र ज्यालादर सूचकाङ्कमा क्रमशः ०.४ प्रतिशत र ५.७ प्रतिशतले वृद्धि भएको छ।

## सरकारी वित्त स्थिति

२९. नगद प्रवाहको आधारमा विश्लेषण गर्दा आर्थिक वर्ष २०६२/६३ को प्रथम सात महिनासम्ममा श्री ५ को सरकारको कुल खर्च १६.५ प्रतिशतले वृद्धि भएको छ। आर्थिक वर्ष २०६१/६२ को सोही अवधिमा श्री ५ को सरकारको कुल खर्च ६.६ प्रतिशतले वृद्धि भएको थियो। द्वन्दका कारण चालू खर्चमा चाप परेको र पूँजीगत खर्चमा समेत वृद्धि भएकोले यस अवधिमा श्री ५ को सरकारको कुल खर्च उच्च दरले बढेको हो।


चार्ट ३
कुल सरकारी खर्च संरचना
(प्रथम सात महिना)



३०. कुल सरकारी खर्चमा फ्रिज खातासहित पूँजीगत खर्चको हिस्सा गत वर्षको सात महिनासम्ममा १४.४ प्रतिशत रहेकोमा समीक्षा अवधिमा १८.० प्रतिशत पुगेको छ। कुल सरकारी खर्चमा चालू खर्च ( साँवा भुक्तानीसमेत) को अंश भने गत वर्ष ८५.६ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ८२.० प्रतिशतमा ओर्लेको छ ।

३१. आर्थिक वर्ष २०६२/६३ को प्रथम सात महिनासम्ममा श्री ५ को सरकारको राजस्व गत वर्षको १३.१ प्रतिशतको तुलनामा २.९ प्रतिशतको न्यून दरले वृद्धि भई २०६२ माघ मसान्तमा रु ३५ अर्ब ८२ करोड पुगेको छ । २०६२ पौष महिनासम्म संकलित राजस्व विस्तृत विवरण (revenue detail) को आधारमा विश्लेषण गर्दा भंसार राजस्वको, संस्थागत आयकर राजस्व र लाभांश वापत् प्राप्त हुने आयमा कमीका साथै भारतीय अन्तःशुल्क फिर्ता (Indian Excise Refund) प्राप्त नभएकोले २०६१ माघसम्मको अवधिको तुलनामा २०६२ माघसम्मको अवधिमा राजस्व संकलन वृद्धिदर न्यून रहेको हो । राजस्व वृद्धिदर न्यून रहनुको मुख्य (underlying factors) कारणहरुमध्ये न्यून आर्थिक वृद्धिदर तथा औद्योगिक उत्पादनमा शिथिलता र न्यून भन्सार दर लाग्ने औद्योगिक कच्चा पदार्थ तथा उपभोग्य सामानको आयातमा बढोत्तरी प्रमुख छन् ।

३२. आर्थिक वर्ष २०६२/६३ को प्रथम सात महिनासम्ममा विदेशी नगद अनुदान ५०.९ प्रतिशतले वृद्धि भई २०६२ माघ मसान्तसम्म रु ५ अर्ब ८७ करोड पुगेको छ । आर्थिक वर्ष २०६१/६२को सोही अवधिमा विदेशी नगद अनुदान ८०.३ प्रतिशतले वृद्धि भएको थियो ।





३३. समीक्षा अवधिमा सरकारी वित्तको समग्र स्थिति रु १७ करोड ४७ लाखले बचतमा रहेको छ । तर स्थानीय निकायको बैंकहरुमा रहेको मौज्दात रकम रु ३ अर्ब ३९ करोडलाई हटाउने हो भने सरकारी वित्त स्थिति रु ३ अर्ब २२ करोडले घाटामा रहेको देखिन्छ ।

३४. सो घाटा पूर्ति गर्ने क्रममा आर्थिक वर्ष २०६२/६३ को प्रथम सात महिनासम्ममा श्री ५ को सरकारले ट्रेजरी विल्स जारी गरी रु ३ अर्व १४ करोड थप आन्तरिक ऋण परिचालन गरेको छ । आर्थिक वर्ष २०६१/६२को सोही अवधिमा २ अर्व २० करोड आन्तरिक ऋण परिचालन भएको थियो । त्यस्तै गरी आर्थिक वर्ष २०६२/६३ को प्रथम सात महिनासम्ममा श्री ५ को सरकारले रु २ अर्व ४२ करोड विदेशी ऋण परिचालन गरेको छ । आर्थिक वर्ष २०६१/६२को सोही अवधिमा रु १ अर्व १७ करोड विदेशी ऋण परिचालन गरिएको थियो ।

## बैदेशिक व्यापार

३५. आर्थिक वर्ष २०६२/६३ को प्रथम सात महिनाको अवधिमा बाह्य क्षेत्र कारोवारमा मिश्रित उपलब्धि हासिल भएको छ । भारततर्फको निर्यातमा आएको वृद्धिले गर्दा कुल निर्यात बढेको छ । त्यसैगरी भारत एवं अन्य मुलुक दुबैबाट भएको आयात बढेको कारण कुल आयातमा पनि वृद्धि आएको छ । निर्यातको भन्दा आयातको आयतन एवं वृद्धिदर अधिक रहेको कारण व्यापार घाटा विस्तार भएको छ भने कुल व्यापार पनि उल्लेख्य रुपले बढेको छ ।


३६. गत वर्षको प्रथम सात महिनामा ५.५ प्रतिशतले बढेको कुल निर्यात समीक्षा अवधिमा १२.२ प्रतिशतले बढेको छ । कुल निर्यातमध्ये भारततर्फको निर्यात गत वर्ष २०.३ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा २२.८ प्रतिशतले बढेको छ भने अन्य मुलुकतर्फको निर्यात गत वर्ष १३.६ प्रतिशतले घटेकोमा यस वर्ष थप ७.० प्रतिशतले ह्रास भएको छ ।



३७. वनस्पति घ्यू, जुस, चाउचाउ, पोलिस्टर धागो, आल्मुनियम सेक्सन,जुटका सामान, जीवित जनावर, तयारी पोशाक, तार र जस्ता पाताको निर्यातमा उल्लेख्य वृद्धि भएको कारण भारततर्फको निर्यात बढेको हो भने मुख्यतयाः तयारी पोशाक, हस्तकलाका सामान,गरगहना, छाला र चियाको निर्यातमा आएको ह्रासको कारण अन्य मुलुकतर्फको निर्यात घट्न गएको हो ।

३८. यस आर्थिक वर्षको प्रथम सात महिनामा कुल आयात २५.१ प्रतिशतको उल्लेख्य दरले बढेको छ । गत वर्षको सोही अवधिमा कुल आयात ९.० प्रतिशतले बढेको थियो । कुल आयातमध्ये भारतबाट भएको आयात गत वर्ष १३.१ प्रतिशतले बढेकोमा यस वर्ष ३१.३ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी भारतबाट भएको कुल आयातमा परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी भएको आयातको अंश गत वर्षको १७.० प्रतिशतबाट बढी यस वर्ष २६.१ प्रतिशत पुगेको छ । अन्य मुलुकबाट भएको आयात पनि गत वर्ष ३.८ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १६.४ प्रतिशतले बढेको छ ।

३९. भारतबाट मुख्यतयाः सिमेण्ट, रासायनिक मल, मेशिनरी,पेट्रोलियम पदार्थ, चामल, रसायन, एम. एस. विलेट, औषधि, धागो, विद्युतीय सामग्री, हवाइजहाज तथा यसका पुर्जाहरु, तामाका पाता, तार, औषधि, यन्त्र औजार, लत्ताकपडा एवं अन्य मुलुकबाट विशेष गरी कच्चा पाम तेल, कच्चा सोयाविन तेल, टेक्सटाइल डाई, एम.एस. विलेट, यातायातका साधन तथा पूर्जाहरु र प्लाष्टिकका दानाको आयातमा उल्लेख्य वृद्धि आएको कारण आर्थिक वर्ष २०६२/६३ को प्रथम सात महिनामा कुल आयात यसरी बढ्न गएको हो ।



४०. निर्यातको तुलनामा आयात अत्याधिक बढेको कारण समीक्षा अवधिमा व्यापार घाटा ३३.८ प्रतिशतले विस्तार भएको छ । गत वर्षको प्रथम सात महिनामा व्यापार घाटा ११.६ प्रतिशतले बढेको थियो ।

**शोधनान्तर**

४१. मौद्रिक तथ्यांक अनुसार गत वर्षको प्रथम सात महिनामा रु. ५ अर्व ७२ करोडको समग्र शोधनान्तर बचत भएको तुलनामा आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा रु. १३ अर्वको शोधनान्तर बचत भएको छ ।


४२. आर्थिक वर्ष २०६२/६३ को प्रथम छ महिनाको शोधनान्तर तथ्यांक अनुसार चालु खातामा रु. ३ अर्व ९१ करोड बचत भएको छ । गत वर्षको सोही अवधिमा चालु खातामा रु. ४ अर्व २३ करोड बराबरको बचत भएको थियो । व्यापार घाटा विस्तार भएतापनि निजी क्षेत्रको विप्रेषण आप्रवाहमा आएको उल्लेख्य वृद्धिका कारण यस वर्ष चालु खातामा यसरी बचत भएको हो । गत वर्षको छ महिनामा निजी क्षेत्रको विप्रेषण आप्रवाह ०.६ प्रतिशतले घटेको तुलनामा यस वर्ष ४८.७ प्रतिशतको उल्लेख्य दरले वृद्धि भएको छ ।

४३. पूँजी खाता अन्तर्गत यस वर्ष रु. १ अर्व ९८ करोड पूँजीगत ट्रान्सफर प्राप्त भएको छ । गत वर्ष पूँजीगत ट्रान्सफर रु. ६७ करोड प्राप्त भएको थियो ।

४४. वित्तीय खाता अन्तर्गत, यस आर्थिक वर्षको प्रथम छ महिनामा श्री ५ को सरकारले रु. २ अर्व २६ करोड बराबर बैदेशिक ऋण प्राप्त गरेको छ भने रु ३ अर्व २५ करोड साँवा भुक्तानी गरेको छ । फलस्वरुप, यस अवधिमा खुद सरकारी ऋण आप्रवाह रु. ९९ करोडले ऋणात्मक रहेको छ । श्री ५ को सरकारले गत वर्षको प्रथम छ महिनामा रु. १ अर्व ४४ करोड बैदेशिक ऋण लिएको थियो । समीक्षा अवधिमा विदेशी मुद्रा तथा निक्षेप दायित्व रु. १ अर्व ५८ करोडले बढेको छ ।

**विदेशी विनिमय संचिति**

४५. २०६२ आषाढ मसान्तको तुलनामा २०६२ माघ मसान्तमा कुल विदेशी विनिमय संचिति १०.७ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ४३ अर्ब ८५ करोड पुगेको छ । २०६१ माघ मसान्तमा यस्तो संचिति ०.४ प्रतिशतले वृद्धि भएको थियो । विद्यमान कुल संचितिमा परिवर्त्य संचितिको अंश गत वर्षको ९६.२ प्रतिशतबाट घटेर ९४.५ प्रतिशतमा सीमित भएको छ भने सोही अनुसार अपरिवर्त्य संचितिको अंश ३.८ प्रतिशतबाट बढेर ५.५ प्रतिशत पुगेको छ । आर्थिक वर्ष २०६२/६३ को पहिलो सात महिना सम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको विद्यमान स्तरले ९.८ महिनाको वस्तु आयात र ८.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ ।




**अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति**

४६. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६१ माघ मसान्तमा प्रति व्यारल अमेरिकी डलर ४४.६७ रहेकोमा २०६२ माघ मसान्तमा २९.० प्रतिशतले वृद्धि भई प्रति व्यारल अमेरिकी डलर ५७.६१ पुगेको छ। यसै गरी सुनको मूल्य २०६१ माघ मसान्तको तुलनामा २०६२ माघ मसान्तमा २७.४ प्रतिशतले बृद्धि भई प्रति आउन्स अमेरिकी डलर ४२४.४० बाट अमेरिकी डलर ५४०.५० पुगेको छ।

४७. २०६१ आषाढ मसान्तको तुलनामा २०६१ माघ मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ५.०३ प्रतिशतले अधिमूल्यन भएको थियो भने २०६२ को सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ०.९२ प्रतिशतले अवमूल्यन भएको छ। २०६१ माघ मसान्तमा अमेरिकी डलर एक को विनिमय दर रु. ७०.५९ रहेको थियो भने २०६२ माघ मसान्तमा उक्त विनिमय दर रु. ७१.०० रहन गएको छ।